जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक २२६ | २०८० साल चैत ३० गते शुक्रबार (12 Apr. 2024 Friday) | मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : गहिरिँदै पानीको संकट, सुक्दै पानीका ३ पृष्ठमा : वैशाख २ गतेदेखि भर्ना अभियान ३ पृष्ठमा : इजरायली आक्रमणमा ...

## चालु आर्थिक बर्ष बित्नै लाग्दा जिससले सार्वजनिक गर्यो नीति तथा कार्यक्रम




**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

चालु आ.ब. २०८०/८१ बित्नै लाग्दा जिल्ला समन्वय समिति सप्तरीले बल्ल बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

चालु आ.ब. बित्न अब तीन महिना मात्र बाँकी रहँदा बिहीबार समितिले जिल्ला सभाको आयोजना गरि बजेट, नीति तथा कार्यक्रम सावर्जनिक गरेको हो ।

प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले उद्घाटन गरेको जिल्ला सभामा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साहले चालु आ.ब. २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरे ।

सो अवसरमा उनले जिल्लास्थित संघीय तथा प्रादेशिक कार्यालय, गैरसरकारी संघ संस्था र पालिकाहरुसँग समन्वय गरि जिल्लाको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको जिल्ला समन्वय समिति पछिल्लो समय अधिकार र आर्थिक रुपमा कमजोर भएको बताए ।

सभामा उनले आ.ब. २०८०/८१ मा पूँजीगत तर्फ १ करोड ६५ लाख ६५ हजार ५ सय २९ रुँपैया र चालुतर्फ १ करोड ६३ लाख ५८ हजार गरि ३ करोड २९ लाख २३ हजार ५ सय २९ रुँपैयाको बजेट प्रस्तुत गरे । संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं विभिन्न संघ संस्थाबाट उपलब्ध भएको श्रोत अनुमान विवरणको आधारमा बजेट नीति तथा कार्यक्रम तयार पारेको उनले बताए ।

नगर र गाउँपालिकाको समन्वय तथा जिल्ला सभाको सक्षम नेतृत्वबाट जिल्लामा सबै पालिकलाई सदरमुकामसँग जोड्न सडक बाटोको निर्माण गरिने प्रस्तुत बजेट, नीति तथा कार्यक्रमको पहिलो बुँदामा उल्लेख गरिएको छ ।

त्यस्तै एक पालिका, एक-एक सभागृह, बहुउद्देश्यीय कवर्ड हल र खेलमैदान निर्माण गर्न पहल गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । कृषिजन्य उत्पादन सुरक्षित राख्न एक निर्वाचन क्षेत्र, एक सीत भण्डारको स्थापना, पाँच वर्षमुनीका बालबालिका, ६० वर्षमाथीका जेष्ठ नागरिक र अपाङता भएका व्यक्तिलाई आधारभुत स्वास्थ्य सेवा निशुल्कका लागि आवश्यक पहल गरिने नीति तथा कार्यक्रममा समेटिएको छ ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, प्रदेश सांसद किरण कुमारी साह, सतिशकुमार सिंह, प्रमुख जिल्ला अधिकारी किरण थापाका साथै १८ वटै पालिकाका प्रमुखहरुले शुभकामना दिएका थिए ।

## किसानको विद्युत् महसुल छिन्नमस्ता गाउँपालिकाले तिर्ने



**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाले गाउँपालिका भित्रका किसानहरूको सिंचाइको विद्युत् महसुल तिर्ने भएको छ ।

कृषि विद्युतीकरणबाट सिँचाइ गर्दा कम लागतमा धेरै सिँचाइ गर्न सकिने भएकाले यो अवधारण ल्याएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिएका छन् ।

कृषि उत्पादन बढाउनका लागि कृषि विद्युतीकरण कार्यक्रम अन्तर्गत खेत खेतमा गाउँपालिकाले सिँचाइ सुविधा पनि पुऱ्याउने निर्णय गरेको उनको भनाई छ ।

गत वर्ष असार ७ गते सम्पन्न १० औं गाउँसभा बैठकबाट किसानले खेत सिँचाइ गर्दा उठेको महसुल पचास प्रतिशत गाउँपालिकाले तिरिदिने निर्णय गरिएको उनले बताए ।

उनले यस निर्णयबाट सम्पूर्ण किसान लाभान्वित हुने अपेक्षा

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरीमा इदको रमझम



**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

एक महिने लामो रमजानको समाप्तीसंगै सप्तरीका मुस्लिम समुदायले विहिवार पवित्र पर्व इद धुमधामका साथ मनाएका छन् । राजविराज ४ स्थित नुरीजामा मस्जिद अगाडी मुस्लिम समुदायका मात्र नभई हिन्दु धर्मावलम्बी पनि पुगी जकात दिएर धार्मिक सदभावको उदाहरण

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

➢ खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
➢ शौचालयमा मात्र दिसापिसाब गरौं ।
➢ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
➢ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
➢ सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जनता आफै जिम्मेवार बन्नु जरुरी

अहिलेको अवस्थामा सार्वजनिक जनसरोकारवाला विषयमा जनता आफै जिम्मेवार बन्नु आवश्यक छ । चाहे त्यो विकासीय कार्य होस् वा जनसरोकारको विषयमै किन नहोस् । विकासीय कार्य भन्नाले जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । विकास व्यक्तिको नभई समग्र देश, जिल्ला, नगर हुँदै समाजका लागि हुन्छ । समाजमा एक परिवारहुँदै बहुपरिवारको बसोवास हुन्छ । त्यसैले सम्बन्धीत निकायले विकास गरिरहेको छ भने त्यसप्रति हामी सामाजिक प्राणीले चासो राख्नु आवश्यक छ । विकासको सवालमा बाधा उत्पन्न नगरि सकारात्मक सोच राख्नु पर्छ । यदी त्यसमा कुनै हानी नोक्सानी पुर्‍याउने कार्य भइरहेको छ भने त्यसलाई सुधारका लागि खबरदारी गर्नु पनि उत्तिकै जरुरी छ ।

त्यस्तै अर्को जनसरोकारका विषय भनेको जनतालाई प्रत्यक्ष लाभ तथा हानी हुने विषय हो । यसमा जनताको स्वास्थ्यसँग खेलवाड गर्ने जो सुकै तथा समाजलाई नकारात्मक असर पुगिरहेको छ भने त्यस्ता कार्यलाई प्रतिकारदेखी दण्डित गर्नेसम्म पर्छ । हो यस्ता विषयमा जनता नै चनाखो हुनसकेमा त्यस्ता नकारात्मक तत्वहरुले समाजसँग खेलवाड गर्न सक्दैन् ।

तसर्थ यस्ता कार्यहरुलाई प्रत्यक्ष निगरानीमा राखेर सकारात्मक पक्षलाई अवलम्बन गर्ने नकारात्मक पक्षलाई बहिष्कार गर्नेतर्फ जनता जागरुक र जिम्मेवार बन्नु अत्यन्त आवश्यक छ । अनिमात्र समाज अगाडी बढ्न सक्ने कुरामा दुईमत नहोला ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# गहिरिँदै पानीको संकट, सुक्दै पानीका मुहान

**गोपालप्रसाद बराल**
महोत्तरी, २९ चैत (रासस) ।

चैत सकिएर वैशाख लाग्दैछ । नयाँ वर्षले हर्षोल्लास ल्याउनुपर्ने बेला गत फागुन अन्त्यदेखि नै बढ्दै गरेको पानीको हाहाकार झन् चर्किदै गएपछि महोत्तरीका बासिन्दा चिन्तित बन्न थालेका छन् । अहिले नै पानी नपाइँदा अब वैशाख, जेठको प्रचण्ड रापमा के होला भन्ने चिन्ताले यहाँ सर्वसाधारण पिरोलिएका छन् । जरुवा सुके, इनारमा पानीको सतह गहिरिँदै छ । खानेपानीका धारा चल्न छाडेका छन् ।

यहाँ सदाकाल भुलभुल गर्दै पातालको पानी निकाल्ने भूल ( जरुवा पानीका मुहान) वरपर कमिलाका ताँती देखिन्छन् । जिल्लामा भूल्के पानीको प्रसिद्धि पाएका बर्दिवास-१२ को जुडी र भङ्गाहा-४ पलारको जोकाहा भूल (जरुवा) सुकेका त चार/पाँच वर्ष नै भइसक्यो । जुडी र जोकाहाको भुलको पानीको सिँचाइ हुने भनेपछि धान, गहुँ उत्पादनमा नम्बरी (उम्दा) मानिएका खेत अब बर्खाको पानी नभेटुञ्जेल गखरक्क रहन्छन् ।

"यो उही जुडीटोल हो भन्ने पत्याउन पनि खै के खै के जस्तो हुन्छ, बान्हैमास पानी चल्ने जुडी जरुवामा अब नयाँ पुस्तालाई यहाँ पानीको मूल (भूल) थियो भन्दा उदेक मान्छन्", बर्दिवास-१२ का सामाजिक, राजनीतिक कार्यकर्ता ७५ वर्षीय प्रमोदकुमार सिंह भन्नुहुन्छ, "यही जुडी भुलको परिचयले यहाँका खेत उम्दा मानिन्थे, अब कथाजस्तो भयो ।"

यसैगरी जोकाहा भूल ( जरुवा) सुकेको पनि पाँच वर्ष नाघिसकेको पलारका ८० वर्षीय चौठी बाँतर बताउनुहुन्छ । "जोकाहा भूलकै बाँधबाट एक सय बिघाभन्दा बढी जग्गामा सिँचाइ पुग्थ्यो, जोकाहा जरुवा थाहा पाएका बटुवा यहाँको पातालबाट भुल्कने पानी खान तिर्खा साँचेर यहाँ आउँथे, देख्दादेख्दै सबै कथाजस्तो भयो", बाँतर विरक्तिँदै भन्नुहुन्छ ।

यी जस्तै जिल्लाका जिबछी, कुटमेश्वरी, पानीखोल्सी, हर्दी, झिल र भुताहासहितका भुलभुले पानीका जरुवा सबै मरे । कतै पानी देखिन्न । पोखरी, तलाउको धनी मानिने जिल्लाका धेरैजसो यस्ता स्रोत सुकेका छन् । जिल्लाका दक्षिणी भेगका पोखरीमा अझै केही पानी देखिएपनि उत्तरी क्षेत्रमा नामनिसान देखिदैन । "पोखरी, डबरा (खाल्डा) सबै सुके, पशुबस्तुलाई नुवाइधुवाइ गराउन छाडियो", भङ्गाहा-४ रामनगरका ६० वर्षीय महारुद्र चौधरी थारु भन्नुहुन्छ, "अब कठिन दिन आउँदैछन् जस्तो लाग्छ ।"

यसैगरी अहिले चैत नसकिँदै खानेपानीका स्रोतका मुहान पनि सुक्दै जाँदा खानेपानीको सङ्कट बढ्दो छ । "हेर्नोस् न, धारामा पानी झर्नै छाड्यो" घरआँगनको खानेपानी धाराको टुटी खोल्दै बर्दिबास-२ की गृहिणी नगिना महतो भन्नुहुन्छ, "अब नुवाइधुवाइ, सरसफाइको कुरै छाडौं, घाँटी भिजाउने पानी पनि पाइने छाँट देखिदैन ।" चैत नबित्दै बनेको यो अवस्थाले वैशाख/जेठको दुबो मर्ने तापमा के होला ? भन्ने नगिनाको थप चिन्ता छ । दिनहुँजसो बिहानपख धारा मर्ने गरेको नगिना बताउनुहुन्छ ।

बर्दिवासका खानेपानी धारा जडित बस्तीमा सबैतिर पानीको अभाव बढेको छ । चुरे शृङ्खलाका खोचबाट निस्कने नदी, खोल्साखोल्सी र जरुवा पानीका मुहानबाट पाइप ओछ्याएर पानी भण्डारण गरी धाराबाट वितरण गरिदै आइएका बस्तीमा अहिले पानी आउन छाडेको हो । "धारामा कतिखेर पानी आउला भनेर बाटो हेरिन्छ" बर्दिबास-१४ की सुनिता साह भन्नुहुन्छ, "पानी बढी चाहिने बिहानपख नै धारा मा पानी आउँदैन ।" अरु आवश्यकता जे जसरी टारिए पनि पानी नै नपाइँदा त सास अल्झाउनै नपाइने पो हो कि भन्ने चिन्ताले पिरोल्न थालेको सुनिता बताउनुहुन्छ । जतिखेर पनि पानी आइरहने धारामा अब त कतिबेला पानी आउँछ भनेर ताक पर्खनु पर्ने भएको गृहिणी बताउँछन् ।

बर्दिवास नगर क्षेत्रका १, २, ३, ४, ५, १०, ११ र १४ का वडाबस्ती खानेपानी धारामा आश्रित छन् । वडानम्बर ६, ७, ८, ९, १२, १३ मा यसरी टङ्कीमा भण्डारण गरेर धाराबाट वितरण गरिएसँगै इनार पनि विकल्पमा प्रयोग गरिन्छन् । अहिले नदी, खोल्साखोल्सी र जरुवा पानीका मुहान सुक्दै गएर पानी भण्डारण घट्दा वितरणमा समस्या आएको हो । यसैगरी इनारको पानीको सतह पनि दिनदिनै गहिरिँदै गएपछि मोटरले पानी तान्न छाडेको बर्दिबास-१२ का रामविलास सिंह कुशवाहा बताउनुहुन्छ । "मोटरले त तान्न छाड्यो, अब त डोल पनि डुब्दैन", कुशवाहा भन्नुहुन्छ । मोटरले पानी तान्न छाडेर डोल ( बाल्टिन) झार्दा त्यो पनि डुब्न छाडेको बिजलपुराबासी बताउँछन् ।

जिल्लाभरि नै पानीको सतह गहिरिँदै गए पनि उत्तरीक्षेत्रका बर्दिबास, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रका एक सयभन्दा बढी टोलबस्तीमा अहिले खानेपानीको समस्या बढेको छ । नदी, खोल्साखोल्सी र जरुवाका मुहान सुक्दै गएपछि पानी निकै कम भण्डारण भइरहेको हुँदा पहिलेजस्तो पर्याप्त पानी धारामा आउन छाडेको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कोषाध्यक्ष भोजप्रसाद फुयाल (शङ्कर) स्वीकार गर्नुहुन्छ । यद्यपि बस्तीबस्तीमा पालो मिलाएर धारामा पानी दिदै आइएको उहाँको भनाइ छ । "पानीका स्रोतका मुहान नै सुकेका छन्, यसले गर्दा पानी कम हुनु त स्वाभाविक नै भयो", फुयाल भन्नुहुन्छ, "हामी मुहान सफा गर्ने र वैकल्पिक उपायको अवलम्बनमा लागेका छौं ।"

सामान्यतया प्रत्येक वर्षजसो वैशाख/जेठमा पानीको सङ्कट झेल्दै व्यहोर्दै आएका जिल्लाको उत्तरी क्षेत्रका बासिन्दा यसपालि भने फागुन अन्त्यदेखि नै पानी कम हुन थालेपछि ठूलो खडेरी पर्नसक्ने चिन्ताले पिरोलिएका छन् । नदी, पानीखोल्सी, जरुवा, इनार र चापाकलसहितका पानीका स्रोतका मुहान सुक्दै गएपछि यसपालि वैशाख लाग्दा नलाग्दै खानेपानीको हाहाकार पर्नसक्ने यस भेगका सर्वसाधारणको चिन्ता छ । भङ्गाहा-४ मा विगतमा खानेपानीको मुख्य स्रोत रहँदै आएको चापाकल पछिल्ला पाँच/छ वर्षदेखि कवाडी बनेका रामनगर बस्तीका ३० वर्षीय रामईश्वर ठाकुर बताउनुहुन्छ । "चापाकल त चल्नै छाडे, सबै खिया लागेर कवाडी बनेका छन्", ठाकुर भन्नुहुन्छ ।

बर्दिवास नगरपालिका क्षेत्रका धेरैजसो बस्तीमा नदी, खोल्साखोल्सी र जरुवाको पानी सङ्कलन गरेर भण्डार गरिएको पानी धाराबाट सर्वसाधारणलाई वितरण गरिदै आइएको छ । यसपालि हिउँदे वर्षा नहुँदा नदी, खोल्सी र जरुवाका मुहान चाँडै सुक्दा फागुन अन्त्यदेखि नै घरघरमा वितरण गरिएका धारामा पानी घटेको हो । "हाम्रो धारामा आउने पानीको स्रोतका मुहान सुक्दै गएका छन्, त्यसैले यसपालि अलि चाँडै धारामा पानी घटेको हो" बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष भुलनबहादुर सेन भन्नुहुन्छ, "तर हाहाकारकै स्थिति चाहिँ बनेको हैन ।"

बर्दिवास नगर क्षेत्रका बिजलपुरा, भेडियारीटोल र मेघरोलसहितका केही बस्तीमा खानेपानीको स्रोत चापाकल, पशुपतिनगर, बिजलपुरा, प्रेमनगर, किसाननगर र हाथीलेटका केही बस्तीमा इनार प्रयोग हुँदै आएका छन् । अहिले धमाधम चापाकल सुक्दैछन् भने इनारमा पानीको सतह निकै गहिरिएको छ ।

त्यसैगरी भङ्गाहा र गौशाला नगरक्षेत्रका दक्षिणी भेगमा खानेपानीका स्रोत इनार र चापाकल रहँदै आएका छन् । यहाँका चापाकल र इनार पनि सुक्दै गएका गौशाला-९ भरतपुरका शिवशरण राय बताउनुहुन्छ । "चापाकल धमाधम सुक्दैछन्" आफ्नो आँगनको चापाकल देखाउँदै रायले भन्नुभयो, "अब यसपालि पछिपछि पानी ओसार्न बयलगाडा जोत्नु पर्लाजस्तो छ ।" यता पानी पाइन छाडेपछि बयलगाडा जोतेर टाढाटाढाबाट ड्रममा पानी ओसार्ने पुरानै चलन हो ।

भङ्गाहाका दक्षिणी भेगका बस्तीमा अहिले नै पानीको हाहाकार नपरे पनि वडानम्बर-४ र ५ का १० भन्दा बढी बस्तीमा पानीको सङ्कट चुलिदै छ । वडानम्बर-४ का प्रेमनगर, रामनगर, टोका, पलार र वडानम्बर-५ का धतियाटोल, राजपुर, भूचकपुर, कुम्हालटोल र चौधरीटोलमा चापाकल कुनै कामलाग्ने स्थितिमा नरहेका धतियाटोलका सामाजिक कार्यकर्ता सुपतलाल यादव बताउनुहुन्छ । "अब यी बस्तीमा चापाकल फेल (असफल) भयो, अहिलेलाई इनारले बचाइ राखेको छ" यादव भन्नुहुन्छ, "इनारमा पनि माथिबाट हेर्दा पानी देखिन छाडेको छ ।" यसैगरी रामनगर, प्रेमनगर र टोकाटोलका चापाकल यसअघि नै कवाडी बनेका स्थानीय बताउँछन् ।

भङ्गाहा नगर क्षेत्रका ४ र ५ नम्बर वडा बस्तीहरुमा बर्सेनि गर्मी याममा खानेपानीको सङ्कट पर्दै आएको छ । "लगभग दुई दशकअघि होला, १५/१६ हातभन्दा बढी इनार खन्न सकिदैनथ्यो, पानीको मूल भेटिन्थ्यो, अब ती पुराना इनार सबै सुके" भङ्गाहा-४ रामनगरका ५८ वर्षीय गङ्गाराम महतो भन्नुहुन्छ, "अब त ६० हात नपुग्याइ पानी भेटिदैन, किन यस्तो भएको होला ?"

यसैगरी चुरे पहाडी बस्तीमा पनि खानेपानीको समस्या बढेको छ । जरुवा पानीका मुहान सुक्दै गएपछि समस्या बढेको काछबासी बताउँछन् । चुरे पाहाडि काछमा बर्दिबास नगरपालिका-३, ४, ५, १० र ११ नम्बर वडामा ४० भन्दा बढी बस्ती छन् । पाखा बस्तीका सबैको गर्मीयाममा खानेपानी सङ्कट झेल्नु समान पीडा बनेको छ । "पहिलेपहिले यहाँका खोल्सी र जरुवा कहिल्यै सुक्दैनथे, सधैं सदाबहार पानी चल्थ्यो" बर्दिबास-४ माइस्थान शिरका ७० वर्षीय रामबहादुर राना भन्नुहुन्छ, "पछिल्ला केही दशकयता नदी, पाखा र बगर पर्ति जग्गामा बालु ढुङ्गा झिक्न ठूलठूला यन्त्र चल्न थालेपछि अनुकूल वर्षा हुन छाडेर पानीका मुहान सुकेका जान्ने बुझ्ने बताउँछन् ।" वन उजाडिदै जानु र अवैध उत्खनन् नियन्त्रण हुन नसक्दा पानीका मुहान सुक्ने गरेका विज्ञहरुको भनाइप्रति आफू सहमत रहेको राना बताउनुहुन्छ ।

त्यसैगरी खानेपानीको स्रोत इनारमात्र भएका बर्दिबास-८ को हाथीलेटमा पर्ने विजयबस्तीमा इनारको पानी सुक्दै गएपछि त्यहाँका बासिन्दा समस्यामा परेका छन् । यसबाहेक हाथीलेट बस्तीमा पनि खानेपानीका धारामा पानी निकै कम झर्न थालेको स्थानीय बासिन्दा भोला श्रेष्ठ बताउनुहुन्छ । यस्तै गौशाला नगरपालिकाका बेलगाछी, भरतपुर, लक्ष्मीनियाँ र रामनगरमा धमाधम इनार सुक्न थालेपछि चैत सकिनअघि नै खानेपानीको सङ्कट बढेको छ ।

खानेपानीका स्रोतका मुहानसँगै बस्तीबस्तीका सार्वजनिक पोखरी र डबरी (साना पोखरी) सबैजसो सुकेपछि बस्तुभाउको नुवाइधुवाइ र पानीघाटको सुविधा पाइन छाडेको छ । इनारको पानीबाहेक सिचाइको अरु सुविधा नहुँदा आफूहरुको बालीनालीसमेत सुक्न थालेपछि जीवन गुजारासमेत सङ्कटमा परेको भङ्गाहा-४ रामनगर बस्तीकै किसान चन्देश्वर राय दनुवार बताउनुहुन्छ । जिल्लाका गाउँ नगर बस्तीमा अचेल २०३० सालयता पहिलेका वन मासेर रोपिएका इक्युलिप्टिस (मसला, सपेता) ले पनि पानीको मुहान सुकाउँदै लगेको सर्वसाधारणको अड्कल छ । मसला सघन रोपिएका क्षेत्रमा त्यसअघि रहेका सदाबहार भूल (जरुवा) सबै सुकेका बर्दिबास-८ हाथीलेटका शेरबहादुर तामाङ बताउनुहुन्छ ।

यसपालि हिउँदे वर्षा राम्ररी नभएको, यसै चैतको दोस्रो साताको क्षणिक वर्षाले पानीका मुहान रसाउन नसकेका र नदी क्षेत्रमा बालुढुङ्गा उत्खनन् गर्नेहरुले ठूल्ठूला गहिरा खाल्डा बनाउँदा पानीको सङ्कट बढेको हो । यसैगरी चुरे क्षेत्रका जलाधार क्षेत्र धमाधम पुरिदै जाँदा इनार र चापाकलमा पानीको सतह गहिरिदै गएर चैत नसकिँदै पानीको सङ्कट बढेको विज्ञ बताउँछन् । "हामी प्राकृतिक सम्पदाको उपयोग र संरक्षणको कुरामा धेरै लापर्बाह भयौं" महोत्तरीमा वर्षौंदेखि जलाधार क्षेत्र र चुरे संरक्षण अभियानमा जोडिदै आउनुभएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव भन्नुहुन्छ, "नदीहरुको अनियन्त्रित दोहन

बाँकी तीन पृष्ठमा

# वैशाख २ गतेदेखि भर्ना अभियान : सबै जिल्लामा पाठचपुस्तक पुऱ्याइयो

**प्रकाश सिलवाल**
काठमाडौँ, २९ चैत (रासस)।

नयाँ शैक्षिकसत्र सुरु हुनु तीन दिन अगावै जनक शिक्षा सामग्री केन्द्रले ७७ वटै जिल्लामा पाठचपुस्तक पुऱ्याएको छ।

केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले देशका विभिन्न भागमा रहेका नौ वटा बिक्री केन्द्रमा शैक्षिकसत्र-२०८१ का लागि सबै विषयका पुस्तक छापेर पुऱ्याइएको राससलाई बताउनुभयो। केन्द्रले प्रकाशन गरेको कार्यतालिकाअनुसार विराटनगर, जनकपुर, सानोठिमीस्थित केन्द्रीय कार्यालय, भरतपुर, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत र धनगढीबाट यही चैत १३ देखि २८ गतेसम्म पाठचपुस्तक बिक्री भएका छन्। केन्द्रले चालु शैक्षिकसत्रमा पनि समयमा नै किताब पुऱ्याएको थियो।

प्रबन्ध सञ्चालक झाका अनुसार आउँदो शैक्षिकसत्रका लागि जिम्मेवारी दिइएको कक्षा ५ देखि १२ सम्मका एक करोड ७५ लाख थान किताब छापेर फागुनदेखि नै बिक्री सुरु गरेको थियो। केन्द्रले २४ सैँ घण्टा पुस्तक छापेको थियो। "हामीले भरमग्दुर प्रयास गरेर समयमा जिल्ला जिल्लामा पाठचपुस्तक पुऱ्याउने जिम्मेवारी पूरा गरेका छौँ। अब बिक्रेतामार्फत विद्यार्थीका हातहातमा पुस्तक पुग्नेछन्", उत्साहित हुँदै प्रबन्ध सञ्चालक झाले भन्नुभयो, "राज्यको भर्ना अभियान आरम्भ हुँदा विद्यार्थीको हातमा पाठचपुस्तक पुगेनन् भन्ने गुनासो सम्भवतः अब सुन्नुपर्दैन। कुनै कारणवश कहीँ नपुगेको जानकारीमा आए तत्काल सम्बन्धित प्रदेश कार्यालयबाट आवश्यक व्यवस्था गरिनेछ।"

कक्षा १ देखि ४ सम्मका पाठचपुस्तक छपाइ र वितरणको जिम्मेवारी निजी क्षेत्रले पाएको छ भने यस वर्षदेखि पाठचक्रम विकास केन्द्रले पूर्वप्राथमिक तहमा एकीकृत पाठचक्रममा आधारित भएर सूचीकृत (अनुमतिप्राप्त) प्रकाशनका पाठच सामग्री प्रयोग गर्न निर्देशन दिएको छ।

केन्द्रले आगामी शैक्षिकसत्रका लागि कक्षा ३ देखि १२ सम्मका पाठचपुस्तकको मूल्यसूची र हरेक प्रदेशका लागि सूचीकृत बिक्रेताको मूल्यसूची पनि सार्वजनिक गरेको छ। शैक्षिकसत्रअगावै बजारमा पुस्तक उपलब्ध गराउन गत वर्षदेखि नै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सम्बन्धित निकायलाई अभिप्रेरित गराउँदै आउनुभएको छ भने यस वर्ष शिक्षामन्त्री सुमना श्रेष्ठले यही चैत १ गते केन्द्रको भक्तपुरस्थित कार्यालय र प्रेस निरीक्षण गरी समयमा पुस्तक उपलब्ध गराउन निर्देशन दिनुभएको थियो।

**भर्ना अभियान सुरु हुँदै**

नयाँ शैक्षिकसत्रका लागि आगामी वैशाख २ गतेदेखि देशभर विद्यार्थी भर्ना अभियान सुरु हुँदैछ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थी भर्ना अभियान सहजीकरण कार्ययोजना तयार गरी कार्यान्वयनका लागि स्थानीय तह र अन्य सम्बन्धित पक्षलाई आग्रह गरेको छ। अभियानको पहिलो दिन वैशाख २ गते सबै स्थानीय तहका शिक्षा प्रमुख, एकाइ प्रमुख, नगरपालिका महासङ्घ, गाउँपालिका महासङ्घ, मन्त्रालय र केन्द्रीय निकायको सहभागितामा शिक्षामन्त्री श्रेष्ठको उपस्थितिमा 'भर्चुअल' माध्यमबाट अन्तर्क्रिया गर्ने कार्यक्रम छ। वैशाख २ देखि २१ गतेसम्म एफएम रेडियोबाट अभियानको सन्देश प्रसारण गरिने शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक गोविन्दराज पोखेलले जनाउनुभयो।

सामुदायिक विद्यालयकेन्द्रित हुने यस अभियानअन्तर्गत वैशाख २ गते स्थानीय तहको निर्देशनअनुरुप विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घले विद्यालयमा भर्ना भएका विद्यार्थीलाई पाठचपुस्तक वितरण गर्दै भर्ना अभियान थालिनेछ। वैशाख ५ गते अभियानको ब्यानरसहित घरदैलो कार्यक्रम, वैशाख ७ गते अभिभावकविहीन बालबालिकाको अभिभावकत्व लिन समाजका उदारमना सदस्यसँग आह्वान गर्नेलगायत कार्यक्रम निर्धारण भएको छ।

अभियानकै क्रममा वैशाख १० गते उक्त दिनसम्म भर्ना भएका विद्यार्थीलाई पोसाक र छात्रवृत्ति प्रदान गरिनेछ। वैशाख १५ देखि २० गतेसम्म शिक्षा विकास तथा समन्वय एकाइबाट प्राप्त विवरणका आधारमा विद्यार्थी विवरण तयार गरी मन्त्रालय पठाइने केन्द्रले जनाएको छ। निजी क्षेत्रका अधिकांश विद्यालयले भने वैशाखको पहिलो सातादेखि कक्षा सञ्चालन हुने गरी भर्ना प्रक्रिया सुरु गरिसकेका छन्।

'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' आदर्श वाक्य रहेको भर्ना अभियानले विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई भर्ना गराइ शिक्षासम्बन्धी नेपालको संविधानको मौलिक हक (धारा ३१) कार्यान्वयनलाई सुनिश्चित गर्ने लक्ष्य लिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको 'फ्ल्यास रिपोर्ट, २०७९' अनुसार पूर्वप्राथमिक तहको कूल भर्नादर ९४ दशमलव ९ प्रतिशत छ। विगतको तुलनामा विद्यालय भर्नादर बढे पनि बीचमै पढाइ छाड्ने प्रवृत्ति भने अन्त्य भएको छैन।

## *गहिरिँदै पानीको ...*

रोक्न, चुरे क्षेत्र र यहाँका जलाधार क्षेत्रको संरक्षण गर्न नसक्ने हो भने दिनदिनै यो सङ्कट झनझन बढ्दै जानेछ।"

विसं २०७४ यता स्थानीयतहमा जनप्रतिनिधिहरुले काम गर्न थालेपछि खानेपानीका थुप्रै योजना बनेर धमाधम इनार खनिएपनि खानेपानीको समस्या भने झन्झन् बढ्दै गएको छ। इनार धमाधम खनिए पनि खानेपानीका स्रोत र मुहानको संरक्षण हुन नसक्दा नयाँ खनिएका इनार चाँडै सुक्ने गरेका भङ्गाहा-७ मेघरोलका बासिन्दा चुरेविज्ञ डा. विजयकुमार सिंह बताउनुहुन्छ। चुरे क्षेत्रका खोल्साखोल्सी, वन क्षेत्र, नदी, सिमसार क्षेत्र र पोखरी (तलाउ) पानीका मुख्य स्रोत भएका र खनिने इनारमा पनि यिनै स्रोतको प्रभाव हुने भएकाले यिनको संरक्षण एबम् उपयोग नीति नबनेसम्म पानीको हाहाकार नटुङ्गिने डा. सिंह ठोकुवा गर्नुहुन्छ। विगतमा राष्ट्रपति चुरे मधेश संरक्षण तथा विकास समितिमा आबद्ध रहनु भएका डा. सिंहले यस भेगका सबै स्थानीय तहको नेतृत्वलाई प्राकृतिक सम्पदाको उपयोग र संरक्षण नीति स्पष्ट बनाउन अपिल गर्दै आउनु भएको छ।

पछिल्ला केही वर्षयता जिल्लाका बाँके, मरहा, जङ्घा, भब्सी, रातु, बडहरीसहितका नदीबाट बालु, ढुङ्गा अनियन्त्रित तरिकाले खन्ने, चुरे पाहाडको दोहन र वन विनास बढेसँगै जलाधार क्षेत्र संरक्षण नगरिदा पानीका मुहान चाँडै सुक्न थालेका विज्ञहरुको भनाइ स्थानीय तहले भने बेवास्ता गरेका सर्वसाधारणको गुनासो छ। यता स्थानीय तहका प्रतिनिधिले प्राकृतिक सम्पदाको संरक्षण र उपयोग नीतिको स्पष्ट खाका बनाउन बेखबर नभएको बताएका छन्। "हामी नदीनाला, नदीउकास जग्गा र अन्य प्राकृतिक सम्पदाको संरक्षण र तिनको दीर्घकालीन उपयोगका नीति कसरी बनाउँदा राम्रो हुन्छ भन्ने सघन छलफल गरी रहेका छौँ" भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साह भन्नुहुन्छ, "विकास निर्माणका योजना र पूर्वाधार विकासका योजना छनौट गरिदा र कार्यान्वयमा लगिदा प्राकृतिक सम्पदाहरुको संरक्षणलाई ध्यान दिएका छौँ, यस्ता विषयमा पर्याप्त गम्भीरता अपनाइएको छ।"

स्थानीय तहका प्रतिनिधिले प्राकृतिक सम्पदाको संरक्षणमा पर्याप्त ध्यान दिइएको र पानीका समस्या समाधान हुने बताउँदै आए पनि प्राकृतिक सम्पदाको उपयोग नीति स्पष्ट नपारेसम्म समस्या समाधान हुन नसक्ने चुरे, जलाधार तथा वन विज्ञहरुको मत पाइन्छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### इजरायली आक्रमणमा हमास नेताका तीन छोरा मारिए

गाजापट्टि, २९ चैत (रासस/एपी)।

इजरायली सेनाले गाजामा गरेको हवाई हमलामा हमास नेता इस्माइल हनिएका तीन जना छोराहरु मारिएका छन्।

हमास नेता हनिएले इजरायलले बदलाको भावनाबाट प्रेरित भएर निहत्था व्यक्तिको हत्या गरेको बताउनु भएको छ।

इजरायली सेनाले पनि बुधबार गाजामा हवाई हमला गरिएको पुष्टि गरेको छ। गाजामा आतङ्कवादी क्रियाकलापमा संलग्न रहेको पाइएपछि हवाई आक्रमण गर्नु परेको सेनाको भनाई छ।

हमासका अनुसार उक्त आक्रमणबाट हमास नेता हनिएका तीन नातिनातिनाको पनि मृत्यु भएको छ।

अल-जजिरा टेलिभिजनसँगको अन्तर्वार्तामा हनिएले आफ्ना सन्तानको हत्या भए पनि हमासले इजरायलप्रति नरम नीति अख्तियार नगर्ने र आफूहरु नझुक्ने बताउनु भएको छ।

हाल अन्तर्राष्ट्रिय पहलमा इजरायल र हमासबीच युद्धबिराम गर्नेगरी वार्ताहरु भइरहेका छन्।

हानिएले सन् २०१९ मा गाजा छाड्नु भएको थियो। उहाँ हाल कतारमा निर्वासित जीवन बिताइरहनु भएको छ। गाजामा अहिले हमासका शीर्ष नेताका रुपमा येह्या सिन्वार हुनुहुन्छ। सिन्वारकै योजना बमोजिम गत अक्टोबर ७ मा इजरायलभित्र हमासले आक्रमण गरेको थियो। यस आक्रमणमा कम्तीमा एक हजार २०० इजरायलीको मृत्यु हुनुका साथै दुई सयभन्दा बढीलाई अपहरण गरिएको थियो।

हमासको आक्रमणपछि इजरायलले गाजामा गरेको सैनिक कारबाहीमा ३३ हजारभन्दा बढी व्यक्तिको ज्यान गइसकेको हमासको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

### पाकिस्तानमा ट्रक दुर्घटना, १७ जनाको मृत्यु, ३५ घाइते

इस्लामावाद, २९ चैत (रासस/सिन्ह्वा)।

पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको हब जिल्लामा भएको ट्रक दुर्घटनामा कम्तीमा १७ जनाको मृत्यु हुनुका साथै ३५ जना घाइते भएको स्थानीय उद्धार सेवाले बिहीबार पुष्टि गरेको छ।

हब जिल्लाको गुलाम हुसेन चत्ता क्षेत्रमा धार्मिक तीर्थयात्रीहरू बोकेको ट्रक बुधबार राति दुर्घटनामा परेको उद्धार सेवाका स्थानीय प्रतिनिधि अब्दुल हकिमले जानकारी दिनुभयो।

उच्च गतिका कारण चालकले गाडीको नियन्त्रण गुमाउँदा उक्त घटना भएको पनि हकिमले घाइतेको भनाई उद्धृत गर्दै बताउनुभयो।

दुर्घटनाको जानकारी पाएलगत्तै उद्धारकर्मीहरू घटना स्थलमा पुगी घाइतेहरूको उद्धार गरी स्थानीय अस्पतालमा लगेका थिए। कतिपय गम्भीर घाइतेलाई थप उपचारका लागि दक्षिणी बन्दरगाह शहर कराँची लगिएको छ।

तीर्थयात्री बोकेको ट्रक सिन्ध प्रान्तको थट्टा जिल्लाबाट बलुचिस्तानको खुजदार जिल्लातर्फ जाँदै थियो। सवारी साधनको मर्मतसम्भारमा लापरवाही, भत्किएका सडक र सडक सुरक्षामा लापरवाहीका कारण पाकिस्तानमा बर्सेनि ठूलो संख्यामा सवारी दुर्घटना हुने गरेका छन्।

### रुसले युक्रेनमा रातभर ४० क्षेप्यास्त्र र ४० ड्रोन प्रहार गऱ्यो : जेलेन्स्की

किभ (युक्रेन), २९ चैत (रासस/एएफपी)।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बिहीबार राति रुसले "महत्वपूर्ण पूर्वाधार" लाई लक्षित गर्दै युक्रेनमा ४० भन्दा बढी क्षेप्यास्त्र र ४० वटा ड्रोन प्रहार गरेको बताउनु भएको छ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जाल एक्स मार्फत रुसी हमलाका बारेमा जानकारी दिँदै केही क्षेप्यास्त्र र ड्रोनलाई युक्रेनी प्रतिरक्षा फौजले सफलतापूर्वक खसालिदिएको बताउनु भएको छ।

रुसले युक्रेनका विद्युत, सञ्चार, रेल्वे समेतका महत्वपूर्ण पूर्वाधारलाई लक्षित गरेकामा उहाँले असन्तुष्टि व्यक्त गर्नु भएको छ। यी आक्रमणबाट कुनै पनि व्यक्ति हताहत नभएको पनि युक्रेनको भनाई छ।

रुसले राजधानी शहर किभ, जापोरिझिया र ओडेसाका साथै पोल्यान्डसँग सीमा जोडिएको लभिभ शहरलाई पनि लक्षित गरी आक्रमण गरेको छ।

राष्ट्रपति जेलेन्स्कीले युक्रेनको दोस्रो ठूलो शहर खार्किब र त्यस वरपरको क्षेत्रमा पनि क्षेप्यास्त्रहरुबाट आक्रमण गरेको बताउनु भएको छ। यस शहरलाई केन्द्रित गरेर पछिल्ला दिनहरुमा रुसले निरन्तर आक्रमण गरिरहेको छ।

युक्रेनका गृहमन्त्री आइगोर क्लिमेन्कोले देशका विभिन्न भागमा सयौं उद्धारकर्मीहरु परिचालन गरिएको जानकारी दिनु भएको छ।

यसैबीच, रुसले पनि रुसका विभिन्न शहरलाई लक्षित गरी प्रहार गरिएका १२ वटा युक्रेनी ड्रोन खसालेको दाबी गरेको छ। युक्रेनले पनि रुसका विभिन्न भागमा ड्रोन मार्फत् केही महिनादेखि लगातार हमला गरिरहेको छ।

# प्रतिनिधिसभाको अवरोध अन्त्यका लागि राजनीतिक तहमा संवाद सुरु भएको छ, चाँडै समाधान हुन्छ : प्रधानमन्त्री

विराटनगर, २९ चैत (रासस) ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभामा देखिएको गत्यावरोध अन्त्य गर्नका लागि राजनीतिक तहमा संवाद सुरु भएको र चाँडै समाधान हुने बताउनुभएको छ ।

विराटनगरमा बिहीबार पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै प्रधानमन्त्री प्रचण्डले पछिल्लो गतिरोधको समाधान राजनीतिक संवादबाटै समाधान हुने र त्यसका लागि राजनीतिक तहमा संवाद थालिएको बताउनुभयो ।

प्रधानमन्त्री प्रचण्डले सहकारीसँग सम्बन्धित समग्र विषयको अलगै र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं गृहमन्त्री रवि लामिछानेको विषय अलगै अध्ययन गरेर समस्याको समाधान गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

"अहिले रवि लामिछानेलाई केन्द्रमा राखेर समितिको माग गरिएको छ, त्यो मिल्ने कुरो छैन", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "मैले सदनमा जवाफ दिँदा अनुसन्धानकर्तादेखि सम्बन्धित निकायका प्रमुख र सम्बन्धित जिल्लाका अधिकारीसँग के हो यो 'केस' भनेर सोधेको थिए । उहाँहरूले यस 'केस' मा रविजीलाई अनुसन्धान गर्ने ठाउँ छैन भन्नुभयो, सोही आधारमा मैले बोलेको हुँ ।"

प्रतिपक्ष दलले सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्नेभन्दा पनि गठबन्धन फेरिएपछि राजनीतिक मुद्दा बनाइएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "पहिले हामीसँगै कांग्रेस सरकारमा थियो, त्यतिखेर यो मुद्दा सामान्य थियो, सरकारबाट निस्केपछि रविजीलाई केन्द्रमा राखेर समितिको माग गरिएको छ, यो राजनीतिक पूर्वाग्रहमा आधारित छ ।" उहाँले पछिल्लो राजनीतिक समीकरण भत्काउन गरिएको प्रयास सफल नहुने स्पष्ट पार्नुभयो ।

### *किसानको ...*

गरेको भन्दै कृषि विद्युतीकरणबाट सिँचाइ गर्दा कम लागतमा धेरै सिँचाइ गर्न सकिने भएकाले साथै खेतिप्रति किसानको आकर्षणसमेत बढ्ने अध्यक्ष चौधरीले विश्वास लिएका छन् ।

यस पालिकामा ४० हजार जनसंख्या रहेकोमा ९५ प्रतिशत व्यक्ति कृषि पेसामा आवद्ध छन् । तर, सिँचाइको अन्य विकल्प नहुँदा किसानले डिजेलबाट चल्ने पम्पसेटबाट खेती सिँचाइ गर्दै आएका थिए । यसरी सिँचाइ गर्दा महँगो पर्न जाने किसानको गुनासो रहँदै आएको थियो ।

यसअघि जिल्लाको रुपनी र विष्णुपुर गाउँपालिका तथा हनुमाननगर कंकालिनी नगरपालिका समेतले किसानहरुको कृषि सिंचाई वापतको बिद्युत महसुल तिर्ने निर्णय गरिसकेको छ ।

# अपराध अनुसन्धानमा उपयोगी 'नेपाल प्रहरी मोबाइल एप'

काठमाडौँ, २९ चैत (रासस) ।
प्रविधिको क्षेत्रमा भएका नवीन विकासलाई आत्मसात् गर्दै नेपाल प्रहरीले नागरिक सेवालाई प्रभावकारी बनाउन तथा अपराध अनुसन्धानका निम्ति सञ्चालन गरेको 'नेपाल प्रहरी मोबाइल एप्लिकेशन (एप)' उपयोगी साबित भएको छ ।

स्मार्ट फोन र अन्य मोबाइल उपकरणमा सर्वसाधारणको सहज पहुँचसँगै मोबाइल एपको प्रयोग पनि बढ्दै गएको छ । सूचना र सन्देश सङ्कलन तथा सम्प्रेषण गर्न प्रयोग गरिएको 'नेपाल प्रहरी मोबाइल एप'बाट आमनागरिक आफू पीडित भएको अवस्थामा होस् वा कुनै घटनाको प्रत्यक्षदर्शीको रुपमा प्रहरीलाई स्थानसहितको सूचना दिने सुविधा उपयोग गर्न सक्षम भएका छन् । प्रहरीलाई पनि घटनास्थलमा पुगेर प्रभावकारी रुपमा काम गर्न मद्दत पुगेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले बताउनुभयो ।

नेपाल प्रहरी मोबाइल एपद्वारा 'अडियो', फोटो र 'भिडियो'जस्ता प्रमाणजन्य सूचना प्राप्त गरी अपराध अनुसन्धानमा मद्दत पुगेको उहाँले बताउनुभयो । उक्त एपको प्रयोगबाट आमनागरिकले 'ग्लोबल पोजिसनिङ सिस्टम' (जिपिएस)मा आधारित रहेर फोटो, भिडियो, अडियो र 'टेक्स्ट' सम्प्रेषण गर्न सक्छन् । उहाँ भन्नुहुन्छ, "नेपाल प्रहरीको कामलाई प्रविधिमैत्री सेवाका रुपमा संस्थागत गर्ने उद्देश्यअनुरुप परीक्षणका रुपमा एप सञ्चालन भएको हो ।" हाल ७७ वटै जिल्लामा प्रहरी एपमार्फत आएका गुनासा र सूचनाका आधारमा नजिकैको प्रहरी कार्यालबाट तुरुन्त प्रहरी परिचालन गर्ने व्यवस्था भएको छ ।

समुदायमा हुने आपराधिक क्रियाकलाप, अन्य घटना एवं दुर्घटना तथा सूचनालाई चाँडो प्रवाह गर्न, अपराधिलाई तत्काल नियन्त्रणमा लिन तथा शान्तिसुव्यवस्था कायम गर्न एप उपयोगी भएको उहाँले बताउनुभयो । यो एप प्रहरीको सूचना प्रविधि निर्देशनालयले गरेको हो । निर्देशनालयका प्रहरी उपरीक्षक सरोज शाक्य यो एप हरेक नागरिकले प्रयोग गरी आफू सुरक्षित हुन र प्रहरीलाई पनि सघाउन सक्ने बताउनुहुन्छ ।

# वन डढेलो संकट घोषणा गर्न माग

काठमाडौँ, २९ चैत (रासस) ।
नेपाल वन प्राविधिक सङ्घ (एनएफए) ले वन डढेलो सङ्कट घोषणा गर्न सरकार समक्ष माग गरेको छ ।

बुधबार प्रेस विज्ञप्ति जारी गर्दै बढ्दो वन डढेलो नियन्त्रणका लागि सङ्कटकाल घोषणागर्न माग गरेको हो । महासङ्घका अध्यक्ष राकेश कर्णले वन डढेलोका कारण देशव्यापीरुपमा प्रभाव परेको, वातावरणीय प्रदूषण बढिरहेकोले वनलाई डढेलोबाट जोगाउन आवश्यक रहेको बताउनुभएको छ ।

"वन डढेलोको कारण वनविनास भएको छ, बस्ती जोगाउनै मुस्किल भएको छ", उहाँले भन्नुभयो, "वन डढेलो नियन्त्रणका लागि आधुनिक प्रविधि जुटाउन र सङ्कट घोषण गर्न आवश्यक छ ।" उहाँले वन डढेलो नियन्त्रणको क्रममा मृत्यु हुने नेपाली सेनाका जवान प्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

प्राकृतिक स्रोत संरक्षण कार्य चुनौतीपूर्ण रहेको डोल्पाको घटनाले प्रष्ट पारेको उहाँको भनाइ छ । कर्णाली प्रदेशको डोल्पा जिल्ला ठूलीभेरी नगरपालिका वडा नं ३ र ४, तिन्नाको मस्टा भवानी सामुदायिक वनमा लागेको वन डढेलो नियन्त्रण गर्ने क्रममा मङ्गलबार डोल्पास्थित देवीदत्त गुल्ममा कार्यरत ३८ वर्षिय जमदार केशवबहादुर जागा मगर, सिपाहीहरू २२ वर्षीय हेमन्त रावत र ३८ वर्षिय आशिष बुढाको मृत्यु भएको थियो । विजय कोइराला गम्भीर घाइते भई काठमाडौँमा उपचारत हुनुहुन्छ ।

वन डढेलो नियन्त्रण गर्ने क्रममा नेपाली सेनाका जवानलाई संरक्षण सहिद घोषणा गर्न र घाइतेको निःशुल्क उपचार गर्न एनएफएले माग गरेको छ । मृतकको परिवारजनलाई राहत उपलब्ध गराउन माग गरिएको छ ।

### *सप्तरीमा इदको ...*

प्रस्तुत गरेका छन् । सामुहिक नवाज पश्चात कतै खीर त कतै विपन्न परिवारलाई खाद्यान्न वितरण गर्दै इद पर्व मनाइएको छ ।

यस अवसरमा विगत वर्ष झैं यस वर्ष पनि नुरीजामा मस्जिद कमिटी तथा स्थानीय मुस्लिम अगुवाहरुको अगुवाईमा राजविराजको मुख्य बजार क्षेत्रको मेनरोडमा तवरुख (सेवई खीरको प्रसाद) वितरण कार्यक्रमको आयोजना गरियो । जसमा हिन्दु समुदायका व्यक्ती पनि उल्लेख्य संख्यामा सहभागी भई तवरुख ( सेवइ खीरको प्रसाद) ग्रहण तथा एक अर्कालाई अंगालो हालेर शुभकामना आदान प्रदान गरे ।

इद पर्व मनाउन मस्जिद तथा इदगाहहरुमा विहानैदेखी मुस्लिम धर्मावलम्बीहरु पवित्र नमाजका लागि एकत्रित भई सामुहिक नमाजमा सरिक भएका थिए । नेपाली काँग्रेस युवा नेता एवं नुरी जामा मस्जिद कमिटिका महासचिव इर्साद अंसारीले इदको नमाज पढ्नु पुर्व रोजामा भएको त्रुटी र रोजामा थप शुद्धताका लागी प्रत्येक व्यक्तीले २ किलो ४५ ग्रामका दरले खाद्यान्न वा सो वराबरको रकम फितराको रुपमा दान गरेको बताए ।

नुरी जामा मस्जिदका अध्यक्ष तैयव अंसारीले हरेक उमेर समुहका व्यक्ती सहभागी भएको यस पर्वको मुख्य उद्देश्य आपसी भाइचारा र सदभाव कायम राख्नु र आर्थिक रुपमा कमजोर भएकाले सहयोग गर्नु रहेको बताए ।

मुस्लिम अगुवा फैयाज अंसारीले बजार क्षेत्रमा आयोजना गरिएको तबरुख वितरण कार्यक्रममा मुस्लिम र हिन्दु समुदायका गरी २ हजार भन्दा बढी सर्वसाधारण सहभागी भई प्रसाद ग्रहण गरेको बताए ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**


**विष्णुपुर गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*